मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
महोत्तरी, नेपाल

Email: akcmahottari@gmail.com
Website: akcmahottari.p2.gov.np
Phone: 044520495, 9854032245

# खामबन्दी प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०८/०९

यस कृषि ज्ञान केन्द्र, महोत्तरीको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिल बमोजिमका कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकोले जिल्ला भित्रका इच्छुक कृषक/ कृषक समूह/ कृषि सहकारी/ कृषि फर्म/ उद्यमीहरुले यस कृषि ज्ञान केन्द्रमा यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र अर्थात मिति २०८१।०९।०८ गते कार्यालय समय भित्र तपसिल बमोजिमका कागजातहरु फाइलमा संलग्न राखि प्रस्ताव /आवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । रित नपुगेका, फारममा आवश्यक विवरण उल्लेख नभएका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्ताव /आवेदन फारम तथा कार्यविधि यस कार्यालयको वेबसाईट https://akcmahottari.p2.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ ।

**तपशिल**

| सूचना नं. | कार्यक्रम को नाम | ईकाई/ परिमाण | बजेट रु. लाखमा | मापदण्ड तथा पेश गर्नु पर्ने आवश्यक कागजातहरु | अनुदानमा खर्च गर्न सकिने क्षेत्रहरु |
|---|---|---|---|---|---|
| १. | चैते धानवाली प्रवर्द्धन कार्यक्रम | पटक/१ | ४५ | ➢ रु. १० को हुलाक टिकट टाँस गरेको कार्यालयले निर्दिष्ट गरेको निवेदन फारम।<br>➢ कृषकको हकमा न्यूनतम १० कट्ठा र कृषक समूह/ कृषि सहकारी/उद्यमीहरुको हकमा न्यूनतम १० विघा क्षेत्रफलमा व्यवसायिक रुपमा चैते धान खेति गर्न ईच्छुक<br>➢ खेती हुने जग्गाको जग्गा धनिपुर्जाको प्रतिलिपी वा लिजमा लिएको जग्गाको करारनामा पत्रको प्रतिलिपी (कम्तीमा ५ वर्षको) ।<br>➢ कृषकको हकमा नागरिकता प्रमाण पत्रको स्वयं प्रमाणित प्रतिलिपी। कृषक समूह/कृषि सहकारी/उद्यमीहरुको हकमा दर्ता नविकरण, स्थायी लेखा नं. (PAN) र २०८०/८१ को कर चुक्ता भएको प्रमाणपत्रको प्रतिलिपी।<br>➢ समूह/सहकारी संस्था/साझेदारी फार्म तथा कम्पनीको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधिको नागरिकता प्रमाणपत्रको प्रतिलिपी तथा अख्तियारी पत्र तथा संचालक समितिको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र आयोजना प्रस्ताव गर्ने सम्वन्धमा कार्यकारिणीको निर्णयको प्रतिलिपी स्वयं प्रमाणित गरि पेश गर्नु पर्नेछ।<br>➢ स्थानिय निकायमा रहेको कृषि विकास शाखा वा वडा कार्यालयको सिफारिसपत्र।<br>➢ समान प्रकृतिको कार्यको लागि यस निकाय वा अन्य कुनै निकायवाट विगत २ आर्थिक वर्ष सम्म अनुदान नलिएको स्व-घोषणा पत्र। | क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम- उन्नत वीउ, प्राङ्गारिक मल, कृषि चुन लगायत अन्य, औजार तथा यन्त्र उपकरणहरु, साना सिंचाई व्यवस्थापन, तालिम तथा क्षमता अभिवृद्धि<br>ख) उत्पादनोप्रान्त प्रविधि तथा प्रशोधन कार्यक्रम- हार्भेष्टिङ्ग, ड्राईर, थ्रेसिङ्ग फ्लोर, ग्रेडर, प्रशोधन, गोदाम घर लगायतका उत्पादनोप्रान्त प्रविधि तथा पूर्वाधार निर्माण<br>ग) वजार प्रवर्द्धन कार्यक्रम<br>ढुवानीका साधन, संकलन केन्द्र निर्माण, वेईङ्ग/डिजिटल ब्यालेन्स यन्त्र उपकरण, डिजिटल मार्केटिङ्ग, सफ्टवेयर<br><br>➢ कृषक समुह/ कृषि सहकारी/ उद्यमीको हकमा माथि उल्लेखित अनुदानको वर्गीकरण "क" "ख" र "ग" तीनओटै र कृषकको हकमा "क" मा मात्र आवेदन दिन सक्नेछ । |
| २. | सार्वजनिक निजी साझेदारी मोडेलमा कस्टम हायरिङ्ग सेन्टर स्थापना | १ | ८० | ➢ रु १० को हुलाक टिकट टाँस गरेको कार्यालयले निर्दिष्ट गरेको निवेदन फारम<br>➢ कृषि सहकारी तथा उद्योगको हकमा दर्ता नविकरण, स्थायी लेखा नं.(PAN), पछिल्लो दुई आर्थिक वर्षको लेखा परिक्षण र २०८०/८१ को कर चुक्ता भएको प्रमाण-पत्रको प्रतिलिपी।<br>➢ कृषि सहकारी/उद्योगको हकमा आवेदन दिने अख्तियारी प्राप्त प्रतिनिधिको नागरिकता प्रमाण-पत्रको प्रतिलिपी तथा अख्तियारी पत्र।<br>➢ सहकारी संस्थाको हकमा संचालक समितिको नागरिकता प्रमाण-पत्रको प्रतिलिपी र आयोजना प्रस्ताव गर्ने सम्वन्धमा कार्यकारिणीको निर्णयको प्रतिलिपी स्वयं प्रमाणित गरी पेश गर्नु पर्नेछ। | ➢ कस्टम हायरिङ्ग सेन्टर स्थापना तथा संचालन कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन कार्यविधि, २०७७ को अनुसुची – २ मा उल्लेख भएका औजार यन्त्र उपकरणहरु<br>➢ यस कार्यक्रममा स्थानीय तह, सहकारी संस्था तथा कृषिजन्य |

मनिष कुमार पाल
निमित्त प्रमुख

मधेश प्रदेश सरकार

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

महोत्तरी, नेपाल

**Email:** akcmahottari@gmail.com
**Website:** akcmahottari.p2.gov.np
**Phone:** 044520495, 9854032245

## खामबन्दी प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०८/०९

| सूचना नं. | कार्यक्रम को नाम | ईकाई/ परिमाण | बजेट रु. लाखमा | मापदण्ड तथा पेश गर्नु पर्ने आवश्यक कागजातहरु | अनुदानमा खर्च गर्न सकिने क्षेत्रहरु |
|---|---|---|---|---|---|
| | | | | कस्टम हायरिङ्ग सेन्टर स्थापनाको लागी कम्तीमा ५ कठ्ठा जग्गा आफ्नै वा सो नभए १५ वर्ष अवधिको प्रचलित कानुन वमोजिम भाडामा लिएको आधिकारिक कागजातहरु, जग्गाधनिको लालपुर्जा र नक्साको प्रतिलिपीहरु।<br>➢ कस्टम हायरिङ्ग सेन्टरको प्रस्ताव उद्देश्य र औचित्य तथा माग गरेको कृषि औजार /यन्त्र/उपकरणहरुको प्रविधिक कृषि ईन्जिनियर वा मेकानिकल ईन्जिनियरवाट तयार गरिएको स्पेशिफिकेशन सहित कुल लागत ईष्टिमेट र साझेदारी अंशको श्रोत समेत खुलाउनु पर्नेछ।<br>➢ स्थानिय तह वा कृषिजन्य उद्योगको हकमा अनुदान माग गर्ने सम्वन्धमा गरेको निर्णयको प्रतिलिपी।<br>➢ कस्टम हायरिङ्ग सेन्टरको संक्षिप्त विवरण सहित प्रस्तावित जग्गामा स्वीकृती दिईएको व्यहोरा खुलेको स्थानिय तहको सिफारिश पत्र।<br>➢ समान प्रकृतिको कार्यको लागी यस निकाय वा अन्य कुनै निकायवाट गत वर्ष वा विगतका वर्षहरमा अनुदान नलिएको स्व-घोषणा पत्र।<br>➢ कस्टम हायरिङ्ग सेन्टर छनौटको लागि कृषकहरुलाई पायक पर्ने टाउ/स्थल, चारैतिर तारवार वा पर्खालले घेरिएको, कार्यालय कोठा भएको, यन्त्र/उपकरण राख्ने सेड भएको, यन्त्र/उपकरणहरुको सहज आवागमन हुन सक्ने र विधुतको उपलब्धता भएको हुनुपर्नेछ।<br>➢ पदाधिकारीहरुको हालसालै खिचेको प्रष्ट फोटो, तीन पुस्ते विवरण र सम्पर्क नं.।<br>➢ स्थानिय तहवाट प्रस्तावित स्थलमा कृषि कस्टम हायरिङ्ग सेन्टर स्थापना गर्नुको आवश्यक्ता र औचित्य खुलेको छुट्टै सिफारिश पत्र र अन्य पुष्ट्याई कागजातहरु। | उद्योगहरुले मात्र आवेदन दिन सक्नेछन्। |

**शर्तहरु:**

१. यस कार्यक्रम अन्तर्गत स्वीकृत वजेट र कार्यक्रम संचालन कार्यविधी परिमार्जन/संशोधन भए अनुसार थप घट हुनेछ ।
२. गत आ.व.मा अनुदान नपाएका उन्नत प्रविधि अवलम्वन गरेको, व्यवसायिक खेती गर्ने वढी लागत सहभागिता भएको व्यक्ति/संस्थालाई प्राथमिकता दिइने छ ।
३. म्याद नाघी प्राप्त भएका, झुठ्ठा विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै वेला आवेदन रद्द हुनेछ तथा त्यसको जिम्मेवार स्वयं हुनेछ।
४. छोटो सुचीमा नपरेका/रित नपुगेका प्रस्तावहरु छनौटका लागि समावेश/स्थलगत निरीक्षण गरिने छैन ।
५. अधिकतम् अनुदान प्रतिशत कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ र कस्टम हायरिङ्ग सेन्टर स्थापना तथा संचालन कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन कार्यविधि, २०७७ मा व्यवस्था भए वमोजिम कायम हुनेछ।
६. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सुचनासँग सम्वन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
७. प्रस्ताव छनौट तथा सम्झौताको चरणमा आवश्यक थप कागजातहरु मांग गरेमा आवेदकले पेश गर्नु पर्नेछ। ती कागजातहरु वुझाउन नसके छनौट/सम्झौता गरिने छैन ।

नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको सुचना अधिकारी श्री अविरल कुमार महतो कुशवाहा (९८४००४४६४३), अधिकृत छैठौं श्री राज किशोर यादव (९८६२९९६७०६), अधिकृत छैठौं श्री जय नारायण मंडल (९८६०७४९०३४) वा कृषि ज्ञान केन्द्र, महोत्तरीमा सम्पर्क गर्न सकिनेछ ।आवेदन फारमको ढाँचा यस कार्यालयको वेवसाईट https://akcmahottari.p२.gov.np/ वाट डाउनलोड गर्न सकिनेछ ।

मनिष कुमार पाल
निमित्त प्रमुख